
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २३५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौं २३ गते बिहीबार ❑ 8 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## अध्यक्ष दाहालद्वारा कार्यकर्तालाई निर्वाचनमा केन्द्रित हुन निर्देशन

**रासस**
**काठमाडौं, २२ भदौं**

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले आगामी मङ्सिर ४ गते हुने सङ्घ र प्रदेशको निर्वाचनको निम्ति अहिलेदेखि नै गाउँगाउँमा परिचालित हुन आम कार्यकर्तालाई निर्देशन दिनुभएको छ।

माओवादी केन्द्र निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) ले यहाँ आज आयोजना गरेको निर्वाचन केन्द्रित क्रान्तिकारी फोर्स घोषणा कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री दाहालले निर्वाचन केन्द्रित हुँदै पार्टीले गरेका कामलाई जनतासम्म पुऱ्याउन निर्देशन दिनुभयो।

उहाँले भन्नुभयो, "अहिले हामी एउटा निर्वाचनको ब्याटलमा जाँदै छौँ, पार्टीको नीति भनेको सडक, सदन र सरकार गरी तीनवटै मोर्चाबाट सङ्घर्ष गर्ने हो, त्यसो गर्दा आन्दोलनका उपलब्धिको रक्षा गर्न सकिन्छ, र नयाँ उपलब्धि पनि हासिल गर्न सकिन्छ ।" संविधानका कतिपय विषयमा असन्तुष्टि हुदाहुँदै पनि नैतिक र राजनीतिक जिम्मेवारीलाई बहन गर्दै निर्वाचन प्रणाली र शासकीय स्वरुपमा सुधार गर्दै संविधानमा गरिएको व्यवस्थाअनुसार ऐनहरू निर्माण गर्ने र समाजवादको यात्रामा जाने पार्टीको मुख्य उद्देश्य रहेको प्रष्ट पार्नुभयो । पछिल्लो समय निर्वाचन प्रणालीमा देखिएका विकृति र विसङ्गतिलाई सच्याउने, सुधार गर्नेलगायत पार्टीको अभियान सुनाउँदै अध्यक्ष प्रचण्डले पार्टीको उद्देश्य र अभियानलाई सफल बनाउँदै निर्वाचनमा परिचालित हुन पनि निर्देशन दिनुभयो । अध्यक्ष प्रचण्डले भन्नुभयो, "यी हाम्रा उद्देश्य, अभियानलाई सफल बनाउन तपाईंहरू क्रान्तिकारी फोर्सको रुपमा, अनेरास्ववियु क्रान्तिकारीको रुपमा वा स्वयंसेवकको रुपमा जनताको बीचमा पार्टीको मान्यतालाई स्थापित गर्न विशेष निर्देशन गर्दछु, तपाईंहरू टोलटोलमा पुग्नुपर्छ, गाउँगाउँमा पुग्नुपर्छ र जनतालाई एउटा नयाँ चेतनामार्फत जागरुक


बाँकी अन्तिम पृष्ठमा ▶▶


## नेपाली श्रम बजारमा दक्ष जनशक्तिको अभाव

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ भदौं**



नेपाली श्रम बजारमा दक्ष जनशक्तिको अभाव हुँदा विदेशी जनशक्तिमा भर पर्नु परेको बुधबार पोखरामा आयोजित एक कार्यशाला गोष्ठीमा चर्चा गरिएको छ।

इस्टाब्लिसिङ एन इम्प्लोयर लिड लेबर मार्केट सेक्रेटरियट (इएलएमएस) प्रोजेक्टको आयोजनामा भएको कार्यक्रममा सरोकारवालाहरुले नेपाली श्रम बजारमा सीप वेमेल देखिएको, दक्ष कामदार वैदेशिक रोजगारीमा जान लालायित हुने गरेको र श्रमको सम्मान गर्ने संस्कृतिको विकास नहुँदा समस्या विद्यमान रहेको विषयमा चर्चा गरिएको थियो । होटल संघ नेपाल, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल निर्माण व्यवसायी महासंघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ र नेपाल उद्योग परिसंघको साझेदारीमा इएलएमएसले सन् २०२० को नोभेम्बर ११ देखि नेपालका सातै प्रदेशमा काम गर्दै आएको छ। युरोपियन युनियनको आर्थिक सहयोग तथा वृटिस काउन्सिल-दक्षताः टीभीइटी प्राक्टिकल पार्टनरसिप प्रोजेक्टको प्राविधिक सहयोगमा प्रोजेक्ट संचालित छ। तालिमको क्षेत्रमा निजी क्षेत्रको अर्थपूर्ण भूमिकालाई प्रबर्द्धन गर्दै विशेषगरी उद्योग प्रतिष्ठानहरुको आबश्यकताअनुसारको दक्ष जनशक्तिको मागबारे तथ्यांक तथा सूचनाको संकलन गरी सीप सम्बन्धी उपयुक्त नीति तथा कार्यक्रमको तर्जुमा गर्न सरकार एवं सम्बन्धित सरोकारवालाहरुलाई जानकारी सम्प्रेषण गर्ने उद्धेश्य प्रोजेक्टले लिएको छ । प्रोजेक्ट अन्तर्गत प्राथमिकताका आधारमा तीन वटा आर्थिक क्षेत्रहरु- निर्माण, कृषि र पर्यटन क्षेत्रहरु समेटिएका थिए । उद्योग प्रतिष्ठानहरुमा विभिन्न पेशाहरुमा के-कस्ता सीपयुक्त जनशक्तिको आबश्यकता छ सो अनुसार उच्च माग रहेका १०/१० वटा गरी ३० वटा पेशाहरु सम्बन्धि उद्योग प्रतिष्ठान एवं संघहरुको संलग्नतामा पहिचान गरी पेशागत मापदण्डको विकास गरिएको पनि जनाइएको छ। यसैगरी श्रमबजार सूचना वेब पोर्टलको विकास र श्रमबजार सुचना सर्वेक्षण कार्य पनि सम्पन्न भएका छन्। सर्वेक्षण अन्तर्गत सातै प्रदेशका विभिन्न २७ जिल्लाका निर्माण, कृषि एवं पर्यटन क्षेत्रका दुई हजार नौ सय ७३ उद्योग प्रतिष्ठानहरुबाट दक्ष जनशक्तिको माग सम्बन्धि सूचना तथा जानकारी संकलन गरिएको होटल संघ नेपालका प्रमुख कार्यकारी अधिकृत टेकबहादुर महतले जानकारी दिए।

गोष्ठीको उद्घाटन गर्दै


बाँकी अन्तिम पृष्ठमा ▶▶


## भूतपूर्व सैनिक नेपाल-भारत सम्बन्धको आधारस्तम्भ

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ भदौं**




भारतीय सेनाध्यक्ष मनोज पाण्डेले भारतीय सेनाका भूतपूर्व नेपाली सैनिक दुई देशबीचको सम्बन्धको आधारस्तम्भका रूपमा रहेको बताउनुभएको छ।

नेपाल भ्रमणमा रहनुभएका पाण्डेले बुधबार पोखराको रामबजारस्थित भारतीय पेन्सन क्याम्पमा आयोजित समारोहलाई सम्बोधन गर्दै भूतपूर्व सैनिकले दुई देशबीचको वर्षौंदेखिको सम्बन्धलाई थप प्रगाढ बनाउन महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो । कर्तव्यनिष्ठ र इमान्दारी नेपाली भूतपूर्व सैनिकको विशिष्टता रहेको उल्लेख गर्दै उहाँले भूतपूर्व सैनिकको कल्याणकारी योजनाका लागि भारतीय सेना निरन्तर लागिरहेको बताउनुभयो । भूतपूर्व सैनिकले प्राप्त गर्ने पेन्सनलगायतका सेवा सुविधालाई पनि भारतीय सेनाले सहज र सरल बनाइरहेको उहाँले बताउनुभयो । भारतीय सेनामा ३५ हजार गोर्खा सैनिक सेवारत रहेको र एक लाख २५ हजार भूतपूर्व सैनिक रहेको उहाँले जानकारी दिनुभयो । नेपाल र भारतबीच सांस्कृतिक, आहारविहार आदिमा समानता रहेको र खुला सिमानाका कारण दुवै देशका नागरिक सहजरूपमा आवतजावत गर्दै आएको उहाँले बताउनुभयो।

उक्त अवसरमा उहाँले भारतीय सेनामा कार्यरत रहँदा वीरगति प्राप्त गरेका सैनिकका परिवारजनलाई नगद, चेक तथा सामग्री हस्तान्तरण गर्नुभयो । साथै उहाँले दुर्गममा बस्ने भूतपूर्व सैनिकको स्वास्थ्योपचारलाई लक्षित गरी तीन वटा मोबाइल मेडिकल युनिटको चाबी हस्तान्तरण गर्नुभयो । कार्यक्रममा सेनाध्यक्ष पाण्डेले भूतपूर्व सैनिक र परिवारजनसँग भेट गर्नुभएको थियो।

## अखिल नेपाल जनस्वास्थ्यकर्मी महासंघको महाधिवेशन पोखरामा हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ भदौं**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) निकट अखिल नेपाल प्रगतिशिल जनस्वास्थ्यकर्मी महासंघको प्रथम राष्ट्रिय महाधिवेशन पोखरामा हुने भएको छ । यही भदौ २४ र २५ गते पहिलो महाधिवशेन पोखरामा गर्न लागिएको महासंघले आज पोखरामा आयोजित पत्रकार सम्मेलन मार्फत जनाएको छ।

महाधिवेशनमा देशैभरीबाट गरी ५०० प्रतिनिधि र पर्यवेक्षक २५ जना गरी ५७५ जना प्रतिनिधि र पर्यवेक्षकको सहहभागिता रहने महासंघका अध्यक्ष डा कृष्णसागर पौडेलले जानकारी दिए । पोखराको जिरोकिमीस्थित गोल्डेन हाउस पार्टी प्यालेसमा कार्यक्रम हुनेछ।

देशका सातै प्रदेश अन्तर्गतका ७७ जिल्ला र अधिकाँस पालिकाहरुमा महासंघ र महासंघ अन्तर्गतका घटक संगठनहरु क्रियाशील रहेको बताइन्छ।

पोखरामा दुई दिनसम्म सञ्चालन हुने सम्मेलनबाट आगामी ४ वर्षका लागि नयाँ नेतृत्व चयन हुनेछ।

यसैगरी स्वास्थ्य क्षेत्रका समस्या, समाधानका उपायहरु,समाजवादउन्मुख स्वास्थ्य नीति,स्वास्थ्य क्षेत्रको विकास एवं स्वास्थ्यकर्मीहरुका पेशागत अधिकार बारे महाधिवशेनमा गहन छलफल गरी कार्यान्वयनका लागि सवल र सक्षम नेतृत्व चयन गरिने अध्यक्ष पौडेलले बताए।

विसं २०६३ मा स्थापना भएको संगठन विसं २०६५ मा महासंघमा परिर्वतन हुँदै आफ्ना कार्यक्रमहरु गीड बढाइरहेको र महासंघमा देशभर गरी ५० हजार संगठित सदस्यहरु आवद्ध रहेको महासंघका नेता सागर लुईटेलले बताए । नेपाल सरकारको कार्यालयहरुमा आवद्ध स्वास्थ्य स्वयंसेविकादेखी १२ तहका स्वास्थ्यकर्मीहरुसम्म, प्राविधिक शिक्षा लिएका स्वास्थ्यकर्मीदेखी उच्च पदस्य प्राध्यापकसम्म विभिन्न स्वास्थ्य व्यवसाय गर्ने स्वास्थ्यव्यवसायीहरुदेखी औषधी उत्पादन गर्नेसम्महरु महासंघमा आवद्ध रहेको केन्द्रीय उपाध्यक्ष शिव केसीले जानकारी दिए।

यसैगरी देशभर व्यक्तिगत रुपमा स्वास्थ्य पेशामार्फत जनतलाई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी लगायत जनयुद्धको बेला युद्धमोर्चामा सामेल स्वास्थ्यकर्मीहरु समेत यस संस्थामा आवद्धभएको बताइन्छ। यसैबिच महाधिवेशनको नेकपा(माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल(प्रचण्ड)ले उद्घाटन गर्ने कार्यक्रम तय गरिएको आयोजकले उल्लेख गरेको छ।




# गण्डकीमा मनाइयो निजामती कर्मचारी दिवस

पोखरापत्र संवाददाता
पोखरा, २२ भदौं



गण्डकी प्रदेश सरकारले प्रदेश निजामती सेवा र स्थानीय सेवा गठन तथा सञ्चालनसम्बन्धी अध्यादेश ल्याउने भएको छ । निजामती सेवा दिवसका अवसरमा प्रदेश मुल समारोह समितिले बुधबार पोखरामा गरेको कार्यक्रममा मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले यी दुई अध्यादेश ल्याउन सरकारले अन्तिम तयारी गरेको बताए । कर्मचारी समायोजन ऐन लागु भएर त्यही अनुसार समायोजन भएका कर्मचारीको वृत्तिविकास रोकिएको, कर्मचारीको पदपूर्ति गर्न नसकिएकाले प्रदेशले अध्यादेशबाटै भए पनि यी दुई कानुन ल्याउन लागेको मुख्यमन्त्रीले बताए । उनले भने, संघ सरकारले निजामती सेवा ऐन ल्याउला कि भनेर कुर्दा ५ वर्ष बित्न लाग्यो, हामीले तयारी गर्दागर्दै ढिला भयो, अब छिटै अध्यादेश ल्याउँछौं । स्थानीय तहमा कार्यरत सबै खालका कर्मचारी र प्रदेशमा समायोजन भएर आएकाहरुको हितलाई ख्याल गरी सरोकारवालासँग छलफल गरेर अध्यादेशको मस्यौदा तयार भइरहेको मुख्यमन्त्रीले भनाइ राखे । शासन व्यवस्था फेरिए पनि संघले प्रदेश र स्थानीय तहमा अधिकार हस्तान्तरण गर्न आनाकानी गरेकोप्रति उनले असन्तुष्टि व्यक्त गरे । एकात्मक शासन व्यवस्थाबाट संघीयतामा गएको अवस्थामा संविधानले निदृष्ट गरेका अधिकारसमेत दिन हिचकिचाउनुलाई उनले पुरातन राज्यव्यवस्थाको अवशेषको संज्ञा दिए । मुख्यमन्त्री पोखरेलले कर्मचारीले सम्पादन गर्ने कार्यले सरकारको व्यवहार झल्काउने भएकाले त्यही अनुसार संवेदनशील भएर काम गर्न आग्रह गरे । मुलुकको आर्थिक अवस्था अनुसार निजामती कर्मचारीको तलब र सुविधा निर्धारण गरिएको भन्दै उनले अन्य देशको तुलनामा यो कम रहे पनि सन्तुष्ट भएर काम गर्नुपर्ने अवस्था रहेको भनाइ राखे । कार्यक्रममा आन्त्रिक मामिला मन्त्री डोबाटे विश्वकर्माले संघबाट अधिकार नपाएको खण्डमा प्रदेश र स्थानीय तह संघर्षमै उत्रनुपर्ने उनले भनाइ राखे । नागरिकको चाहाना अनुसार कर्मचारीले कार्यसम्पादन गर्न पनि उनले आग्रह गरे । प्रमुख सचिव रवीलाल पन्थले काम गर्ने सिलसिलामा भएका कमीकमजोरी सुधार गरेर सुशासन कायमका लागि निजामती कर्मचारी प्रतबद्ध हुनुपर्ने बताए । सामूहिक स्वार्थलाई केन्द्रमा राखेर काम गर्न सके लक्ष्य प्राप्ति हुने उनको भनाइ थियो । कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले विश्वव्यापीकरणमा प्रतिस्पर्धा गर्न गरी फिल्डमा उत्रन उनले कर्मचारीवर्गमा आग्रह गरे । राज्यशक्तिको स्थायित्वका लागि मुख्य औजार नै निजामती सेवा रहेको भन्दै उनले कर्मचारीले सेवा प्रवाह गर्ने मात्र नभई लोकतन्त्रको जगेर्ना समेत गर्ने भनाइ राखे । कार्यक्रममा नेपाल निजामती कर्मचारी संगठनका प्रदेश अध्यक्ष अशोक खनाल, नेपाल निजामती कर्मचारी युनियनका प्रदेश अध्यक्ष दीपक रेग्मी, राष्ट्रिय कर्मचारी संगठनका प्रदेश अध्यक्ष कृष्णप्रसाद पौडेलले प्रदेश सरकारले ल्याउन लागेको अध्यादेश कर्मचारीमैत्री हुनुपर्ने भनाइ राखे । दिवसका अवसरमा निजामती कर्मचारी संगठनले हाजिरी जवाफ प्रतियोगिता कार्यक्रम गरेको थियो । उक्त प्रतियोगितामा प्रथम, द्वित्तीय र तृतीय हुनेलाई मुख्यमन्त्री पोखरेलले प्रमाणपत्र र पुरस्कार प्रदान गरे । निजामती कर्मचारी युनियनले रक्तदान कार्यक्रम गरेको थियो । उक्त अवसरमा रक्तदान गर्ने ३० जनालाई पनि मुख्यमन्त्री पोखरेलले प्रमाणपत्र हस्तान्तरण गरे । उक्त अवसरमा पूर्व कर्मचारी सेवा परिषदले प्रकाशन गरेको गोधूलीको सन्देश पत्रिका मुख्यमन्त्री पोखरेलले विमोचन गरेका छन् । पूर्व कर्मचारीहरुलाई पनि मुख्यमन्त्रीले सम्मान गरेका छन् । निजामती कर्मचारी दिवसकै अवसर पारेर जिल्ला प्रशासन कार्यालय कास्कीले डिजिटल नागरिक सेवा बडापत्र सार्वजनिक गरेको छ । मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले उक्त सेवा सार्वजनिक गरे । जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने सबै सेवाका बारेमा अडियो, भिजुअल सामग्री बनाएर प्रतिक्षालयमा राखिएको छ । सहायक प्रमुख जिल्ला अधिकारी शिव रिजालले हालका लागि १ ठाउँमा दृश्य र ३ ठाउँमा अडियोमार्फत् सन्देश सार्वजनिक गरिने जानकारी दिए ।

# नदीपुरमा क्लबस्तरीय भलिबल सुरु

पोखरापत्र संवाददाता
पोखरा, २२ भदौं



पोखरा महानगरपालिका ३ स्थित नदीपुरमा क्लबस्तरीय पुरुष तथा महिला भलिबल प्रतियोगिता सुरु भएको छ ।

पोखरा भलिबल प्रशिक्षण केन्द्रको आयोजनामा नदीपुर छन्त्याल समाजको खेल मैदानमा बुधबारदेखि क्लबस्तरीय भलिबल प्रतियोगिता सुरु भएको हो । प्रतियोगिताको उद्घाटन खेलबाट आयोजक टोलीले घलेल युवा क्लबलाई पराजित गर्दै सुखद सुरुवात गरेको छ ।

आयोजकले घलेल युवा क्लबलाई २५-१३, १९- २५ र २५-१७ को अंकसहित २-१ को सेटमा पराजित गर्दै अघिल्लो चरणमा प्रवेश गरेको कार्यक्रम संयोजक मनोज खड्काले जानकारी दिए । उनका अनुसार अर्को खेलमा नेपाल प्रहरी प्रशिक्षण केन्द्र पोखराले भुक देउराली क्लब पर्वतलाई १७-२५, २५-२१ र २५-१७ को अंकसहित २-१ सेटले पराजित गर्दै दोस्रो चरणमा प्रवेश गर्यो । यसअघि प्रतियोगिताको उद्घाटन गर्दै प्रमुख अतिथिसमेत रहेका राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेशकुमार गुरुङले नवौं राष्ट्रिय खेलकुदको प्रवर्द्धन गर्ने धारणा राखे । 'आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म पोखरामा ३९ वर्षपछि नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता हुदैं छ, उनले भने, 'त्यो प्रतियोगिताको लागि यस खेलले पर्वद्धन गर्न सघाउ पुर्याउनेछ ।' उनले पछिल्लो समय भलिबल खेलको विकास भएको बताउदै स्थानीय स्तरको खेलाडी उत्पादन टेवा पुग्ने बताए । 'यस्तो खालको प्रतियोगिताहरु भयो भने उदीयमान खेलाडीहरुले आफ्नो खेल कौशल देखाउन मौका पाउँछन् र माथिल्लो स्तरको प्रतियोगिता सम्म खेल्ने हैसियत बनाउँछन् त्यसैले प्रतियोगिताहरु भइरहन आवश्यक छ ।' उनले भने । उनले आवश्यक परेको खण्डमा रंगशालमा निर्मित बहुउद्देश्य कभर्ड हल प्रयोग गर्न सक्नेसमेत बताए । 'तपाइहरुले अरुबेला पनि केही खेलहरु आयोजना गर्नुहुन्छ भने । रंगशालामा कभर्डहल बनेको छ, गुरुङले भने, 'घामपानी केहीको पनि पिरलो हुँदैन । त्यसको प्रयोग गर्न चाहनुभयो भने हामीलाई सम्पर्क गनुस् । सहजै उपलब्ध गराउनेछौं ।' उनले आयोजक संस्थालाई आगामी दिनमासमेत सहयोग गर्ने बताउदै उक्त प्रतियोगिताका लागि ३० हजार सहयोग गर्ने प्रतिवद्धता जनाएका थिए । क्लबका अध्यक्षका कुशल प्रसाद छन्त्यालका अनुसार आगामी २५ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेता टिमलाई १ लाखसहित शिल्ड, मेडल र प्रमाण पत्र प्रदान गरिनेछ भने उपविजेता टोलीले ६० हजारसहित शिल्ड, मेडल र प्रमाण पत्र प्राप्त गर्नेछ ।

यसैगरि महिलातर्फ प्रथम र द्धितिय हुने समुहले क्रमशः ४० हजार, २५ हजार र शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाइकर, मिडल ब्लकर, उदीयमान खेलाडी, डिफेन्डर, सेटर र सर्भर घोषित हुने खेलाडीलाईसमेत नगद पुरस्कारको व्यवस्था गरिएको अध्यक्ष छन्त्यालले जानकारी दिए । उक्त प्रतियोगितामा पुरुषतर्फ कुल २२ टिमको सहभागिता रहेको आयोजकले जनाएको छ ।

# नेपाली...

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले निजी क्षेत्र परिचालित नभएसम्म सरकार मात्रै एक्लै अघि बढेर देशमा समृद्धि नआउने बताए । सरकारको काम नियम, कानून र वातावरण बनाउने तथा सहजीकरण गर्ने भएको भन्दै उनले निजी क्षेत्रसँग सहकार्य गरी अघि बढ्न सरकार तयार रहेको बताए ।

कार्यक्रममा पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र शर्माले नेपालीमा श्रमलाई सम्मान गर्ने संस्कृतिको विकास हुन नसकेको बताउँदै निजी क्षेत्रले दिने तलवमान कत्तिको उपयुक्त हो भन्ने विषय चर्चायोग्य भएको बताए ।

होटल संघ नेपालकी अध्यक्ष सृजना राणाले दक्ष जनशक्ति उत्पादनका लागि तालिम गरेर पैसा पनि खर्च भएको तर आबश्यक दक्ष कामदार बजारमा उपलब्ध नभएको भनाई राखिन् । दक्ष जनशक्तिका लागि सार्वजनिक निजी साझेदारी प्रणालीमा अघि बढ्नुपर्ने सुझाव उनले दिइन् । होटल संघ गण्डकीका अध्यक्ष हरिप्रसाद शर्मा गैह्रेले कोभिडले असर गरेको नेपाली पर्यटन र अर्थतन्त्र उकास्न दुई-तीन बर्षका लागि मजदूरका लागि व्यवस्था गरिएको सेवाशुल्क हटाउँदै घण्टा प्रणालीमा रोजगारी अघि बढाउन गर्न सके उत्पादन र सेवाको लागत घट्ने भनाई राखे ।

होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले पोखरा र वरपरको पर्यटन क्षेत्रका लागि अहिले १५ हजार दक्ष कामदार आबश्यक भएको बताए । अहिले पर्यटन क्षेत्रमा दुई हजार पनि दक्ष जनशक्ति नभएको जानकारी उनले दिए । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्र ढकाल, होटल संघ नेपालका प्रथम उपाध्यक्ष विनायक शाह, एफएनसीसीआईका रविनकुमार श्रेष्ठ, नेपाल घरेलु तथा साना उद्योग महासंघका सचिव महाप्रसाद सुवेदी, हान एसडब्लूजी सदस्य युवराज श्रेष्ठ, नेपाल निर्माण व्यवसायी महासंघ एसडब्लुजी सदस्य डम्बरप्रसाद रेग्मी, नेपाल उद्योग वाणिज्य महासंघ गण्डकीका अध्यक्ष सञ्जिवबहादुर कोइरालाले भनाई राखेका थिए । यसैगरी प्रदेश नीति तथा योजना आयोग गण्डकीका उपाध्यक्ष डा.रघुराज काफ्ले, पोखरा पर्यटन परिषद्का सचिव हरि भुजेल, प्रोजेक्ट मनिटरिङ कमिटिका सदस्य एवं होटल संघ पोखरा नेपालका निवर्तमान अध्यक्ष विकल तुलाचन, नेपाल निर्माण व्यवसायी महासंघ कास्कीका इञ्जिनियर सिरोसकुमार बास्तोलाले पनि कार्यक्रममा बोलेका थिए ।

# अध्यक्ष...

बनाउनुपर्नेछ ।" जनवादी क्रान्तिलाई आफ्नै मौलिकतामा आफ्नै ढङ्गले पूरा गरेको बताउँदै उहाँले समाजवादी क्रान्तिको नयाँ चरण सुरु भएको र त्यसको नेतृत्व गर्ने जिम्मेवारी माओवादी पार्टीको काँधमा रहेको बताउनुभयो । अध्यक्ष दाहालले आगामी मङ्सिर ४ गते हुने निर्वाचनमार्फत देशको राजनीति, क्रान्तिकारी आन्दोलन, देश र जनताको आवश्यकता, राष्ट्रिय स्वाधीनता, देशको आर्थिक विकास र समृद्धिलाई नयाँ उँचाइमा पुर्याउने योजना सुनाउनुभयो । माओवादी केन्द्रका उपमहासचिव तथा अर्थमन्त्री जनार्दन शर्माले समाजवाद र संविधान कार्यान्वयनलगायत पार्टीको प्रष्ट एजेण्डासहित आगामी निर्वाचनलाई लक्षित गरी जनताको घरदैलोमा पुग्न आम कार्यकर्तालाई निर्देशन दिनुभयो । उहाँले नेपालमा वैज्ञानिक शिक्षा र प्रविधियुक्त शिक्षाको कार्यान्वयनको निम्ति विद्यार्थी सङ्गठन अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।

पार्टीका सचिवद्वय लिलामणि पोखरेल र हितमान शाक्यले अब पार्टी पूर्णरुपमा निर्वाचन केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो । अनेरास्ववियु (क्रान्तिकारी) ले उपाध्यक्ष अमरजङ्ग शाहीको नेतृत्वमा ९९ सदस्यीय निर्वाचन लक्षित क्रान्तिकारी फोर्सको घोषणा गरेको छ । अनेरास्ववियु (क्रान्तिकारी) का अध्यक्ष पञ्चा सिंहले आगामी मङ्सिर ४ गते हुने सङ्घ र प्रदेशको चुनावलाई लक्षित गरी २५ सदस्यीय केन्द्रीय चुनाव परिचालन समिति गठन गरिएको जानकारी दिनुभयो ।

# हरिहर मन्दिरमा गौमुखे धारा र शिवलिङ्ग

पोखरापत्र संवाददाता
पोखरा, २२ भदौं

पोखरा महानगरपालिका-१७ सीताघाटस्थित सदाशिव हरिहर मन्दिर परिसरमा एक सय आठ गौमुखे धारा र शिवलिङ्ग निर्माण गरिएको छ ।

सो क्षेत्रमा धार्मिक पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यका साथ उक्त धारासहित शिवशिङ्ग निर्माण गरिएको हो । सीताघाटस्थित सेती नदी जल लिफ्टिङ प्रविधिमार्फत मन्दिर परिसरमा निर्मित ट्याङ्कीमा सङ्कलन गरी आवश्यकता अनुसार गौमुखे धारामा वितरण गरी श्रद्धालु भक्तजनलाई जलधारामा स्नान गर्ने सुविधा पुग्ने छ । धाराको उपल्लो भागमा एक सय आठ शिवलिङ्ग निर्माणका लागि समेत तयारी गरिएको छ । पोखराको बीच भागबाट भूतिगतरूपमा बगेको सेती नदीमा स्नान गर्न दिनप्रतिदिन असुविधा पुग्दै गएको हुँदा भक्तजनको सुविधाका लागि धारा निर्माणसहित पानीको व्यवस्था गर्न लागिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र शर्मा भण्डारीले जानकारी दिनुभयो । "धारा निर्माणसँगै सेती नदीको जलले स्नान गर्न तीव्र इच्छा भएर पनि शारीरिक अशक्ताका कारण नदीसम्म पुग्न नसक्ने भक्तजनको मनोकांक्षा पूरा हुनेछ", उहाँले भन्नुभयो, "धार्मिक महत्व बोकेका संरचना निर्माण सम्पन्न भई सञ्चालनमा आएपछि यस क्षेत्रको धार्मिक पर्यटक प्रवर्द्धनमा समेत टेवा पुग्ने विश्वास छ ।" रकमको अभावमा पनि दृढ सङ्कल्पका साथ सुरु गरिएको अभियानमा ९० जना सहयोगी मनबाट रु १५ लाखभन्दा बढी रकम सङ्कलन हुँदा त आँट म पुऱ्याउछु भन्ने उखान चरितार्थ भएको बताउँदै उहाँले भन्नुयो, "आफ्ना पितृका नाममा एउटा धारा र शिवलिङ्ग निर्माणका लागि प्रति व्यक्ति रु १५ हजार पाँच सय तोकिएको छ ।"


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ। -गीता

## सम्पादकीय

# सुधारिन नसकेको निजामती सेवा

'व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन' भन्ने नाराका साथ १९ औ  निजामती सेवा दिवस मनाइएको छ। २०१३ साल भदौ २२ गते निजामती सेवा ऐन जारी भएको दिनको अवसर पारेर हरेक वर्ष भदौ २२ गतेलाई निजामती सेवा दिवसको रुपमा मनाउने गरिएको छ। दिवसको अवसरमा सिंहदरबार परिसरमा विशेष कार्यक्रम आयोजना गरिएको थियो  प्रधानमन्त्री शेर बहादुर देउवाले संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै राष्ट्रसेवक निजामती कर्मचारीलाई अझ बढी समर्पण भावका साथ देश र जनताको सेवामा काम गर्ने उत्प्रेरणा यो दिवसले प्रदान गरोस् भन्ने कामना गरेका छन्। सिंहदरबार परिसरमा आयोजित विशेष समारोहमा निजामती सेवाका उत्कृष्ट कर्मचारीहरुलाई प्रधानमन्त्री देउवाबाट सम्मान गरे। सम्मानका लागि यस वर्ष पनि सरकारले सर्वोत्कृष्ट कर्मचारीको छनोट गर्न भने सकेन।

उत्कृष्ट निजामती पुरस्कार पदम कुमार श्रेष्ठ, दीपक प्रसाद खतिवडा, हरि प्रसाद ज्ञवाली, मुना शर्मा, प्रकाशराज पौडेल, शोभाखर रेग्मी, सन्तोष पौडेल, सोचिन्द्र कुमार यादव, रुकु शर्मा पौडेल र महंगु लोधले पाएका छन।निजामती पुरस्कार ३० जनालाई प्रदान गरिएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ। सरकारले निजामती सेवा दिवसको अवसरमा रक्तदान, वृक्षरोपण, अतिरिक्त क्रियाकलाप लगायतका कार्यक्रम आयोजनासमेत गरेको छ। दिवसको अवसरमा  बेलुका सबै सरकारी कार्यालयमा दीपावली गरिएको थियो। बदलिएको राजनीतिक व्यवस्थामा जनताका उर्लंदा आकाक्षा, संविधानले दिएका नागरिक हक तथा अधिकार र गठबन्धन सरकारको कार्यक्रम कार्यान्वयन गर्ने निजामती प्रशासनले हो। गाउँमा सिंहदरबार पुग्न सक्दैन भनेर संघीयताले गाउँगाउँमा सिंहदरबारको परिकल्पना गरेको छ। त्यसैगरी प्रत्येक नागरिकसम्म सरकार पुग्न नसक्ने भएकाले निजामती कर्मचारीलाई राज्यले सिद्धान्ततः 'निमित्त सरकार' मुकरर गरेको छ। यो गरिमा र जिम्मेवारीका साथ स्याथी सरकार मानिने कर्मचारी संस्थाका प्रत्येक सदस्यले सरकारको प्रतिनिधि भएर काम गर्दैछौं भन्ने सोच्नुपर्दछ। अहिले निजामती सेवालाई सेवाग्राहीप्रति उत्तरदायी बनाउनुपर्छ भन्ने बहस सुरु भएको छ। एकजना हाकिमले मुल्याङ्कन गरेर राम्रो ठान्नु भन्दा सेवाग्राहीले मुल्याङ्कन गर्ने परिपाटी बसाल्न सके निजामती सेवा नागरिक प्रति जवाफदेही बन्न प्रेरित गर्दछ।

निजामती सेवालाई समायानुकुल बनाउन विभिन्न समयमा ऐनमा संशोधन र विभिन्न आयोग गठन गरेर जनतालाई कसरी सहज र सरल तरिकाले सेवा दिन सकिन्छ भन्ने सुझावहरु दिइएको छ। कर्मचारीको सेवालाई कानूनले नै बलियो बनाउन पटक-पटक परिमार्जन भएका छन्। ट्रेड युनियन अधिकार समेत दिइएको छ। तर ट्रेड युनियन अधिकार सेवा भन्दा अधिकारमुखि बढी भएको गुनासो बारम्बार आउने गरेका छन्।  यो अवस्था आउनुमा कर्मचारीको पनि हिस्सा छ। निजामती सक्षम नवन्दा सरकारले बनाएका योजना कार्यान्वयमा आउन सक्दैन्। जनताको आकांक्षा बमोजिमको सुशासन दिन सकेमा अहिले कर्मचारी वारे गरिएका आलोचना खण्डित हुने छन। जनतालाई सुशासन दिने कानुनको पालना गराउने काम निजामती सेवाका कर्मचारीहरुको हो। सरकारको काम हेर्दा जनताले सुशासनको प्रत्याभूती गर्न सकेका छैनन्। पुरानो सोचाई मा हुर्केका कर्मचारीले नया संरचनामा आफूलाई ढाल्न सक्नु पर्छ। सरकारको काम कहिले जाला घाम भन्ने गलत मानसिकता हटाउन पनि आफूलाई राष्ट्र सेवकको रुपमा उभ्याउन सक्नुपर्छ।

पटक पटक कर्मचारीमा गरिने सरुवाले कर्मचारी मात्र होईन सरकार नै प्रभावकारी देखिन सकेको छैन।  मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेश सभा सदस निर्वाचनलाई प्रभावित पार्ने गरि सरुवा गरिएको छ।निर्वाचन आयोगको आचारसंहिता विपरीत सरुवा गर्नु स्वच्छ ,स्वतन्त्र र निष्पक्ष निर्वाचन हुँदैन भन्ने संकेत हो।सकभर पार्टी निकट नभए काम गराउन सजिलो खोज्ने प्रवृत्तिले निजमति सेवा कमजोर बनेको छ। देश संधीयतामा गए सँगै निजामति त्यसअनुसार बन्न सकेको छैन। संघीय निजमति ऐन पारित हुन नसक्दा अझैपनि अन्योलता कायम छ। प्रदेश र स्थानिय तहमा कर्मचारी पठाउन नसक्दा तीनै तहको सरकारको काम हुन सकेको छैन। समयमै कर्मचारी समायोजन हुन नसक्दा 'जुन जोगी आए पनि कानै चिरेको भन्ने' जस्तै अवस्था अहिले छ। सिंहदरबारको अधिकार गाउघरमा भन्ने नारा जनता झुक्याउने भएका छन्। प्रदेश र स्थानीय तहमा निजामति कर्मचारी जान नरुचाउने अवस्था राम्रो हैन। हाम्रो कर्मचारीतन्त्र व्यावसायिक बन्ने सकेन जो सरकार आयो उसैको चाकडी गर्नु व्यवसायीक मानिन थालेको छ। लोक सेवा कसरी पास गर्ने भन्नेमा सफल भएपनि सिर्जनशिल तरिकाले प्रशासन चलाउन सक्ने उत्पादन गर्नु अहिलेको खाँचो हो। सरकारले सम्वृद्धि र विकासका नारा अघि सारेको छ। त्यसलाई कार्यान्वयन गर्ने कर्मचारीतन्त्रले सुशासान दिन सकेन भने नारा देखाउनका लागि मात्र हुन्छ।

# नायक शाहको मुद्दामा असोज २ गते सुनुवाइ हुने

**पोखरापत्र संवाददाता**
**दमौली, २२ भदौं**



बालिकालाई जबर्जस्ती करणी गरेको अभियोगमा तनहुँ कारागारको थुनामा रहेका नायक पल शाहको मुद्दामा तनहुँ अदालतमा असोज २ गते सुनुवाइ हुने भएको छ। यसअघि यही भदौ १५ गतेका लागि तोकिएको पेशी स्थगित भएको थियो।

तनहुँ अदालतका श्रेस्तेदार मीनबहादुर कुँवरले असोज २ गतेका लागि पेशी तोकिएको जानकारी दिनुभयो। नायक शाहविरुद्ध नवलपुर अदालतले मङ्गलबार साढे दुई वर्ष कैद फैसला सुनाएको छ। नवलपुर जिल्ला अदालतका न्यायाधीश यज्ञप्रसाद आचार्यको इजलासले नायक शाहलाई बालयौन दुरुपयोगमा दुई वर्ष छ महिना कैद फैसला सुनाएको हो। साथै रु २५ हजार जरिवाना र रु दश लाख क्षतिपूर्तिको फैसला भएको नवलपुर अदालतका श्रेस्तेदार महेन्द्रराज पौडेलले बताउनुभयो।

जबर्जस्ती करणी मुद्दामा अभियोगपत्र दर्ता भए पनि न्यायाधीशले बालयौन दुरुपयोगको कसुरमा शाहलाई कैदको फैसला सुनाएको अदाललते जनाएको छ। शाहविरुद्ध नवलपुर अदालतमा गत चैत ३ गते जबर्जस्ती करणी मुद्दा दर्ता भएको थियो। नाबालिकमाथि जबर्जस्ती करणी गरेको भन्दै शाहविरुद्ध गत फागुन ११ गते तनहुँ प्रहरीमा उजुरी परेको थियो। शाहले फागुन १५ गते प्रहरी कार्यालयमा आत्मसमर्पण गरेका थिए।

शाहलाई चैत १० गते तनहुँ अदालतले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो। अभिनेता शाहले आफू निर्दोष रहेको भन्दै रिहा गर्न माग गर्दै उच्च अदालत पोखरामा निवेदन दिए पनि अदालतले उक्त निवेदन अस्वीकृत गरिदिएको थियो। यसै गरी नवलपुर अदालतको फैसलाविरुद्ध नायक शाहले उच्च अदालत पोखरामा पुनरावेदन दिने भएका छन्। अदालतको पूर्ण पाठ आउने बित्तिकै पुनरावलोकनको जाहेरी दर्ता गर्ने तयारी गरिएको शाहका कानुन व्यवसायी वरिष्ठ अधिवक्ता कमलामोहन वाग्लेले बताउनुभयो।

# मुक्तिनाथ बैंकको स्याङ्जामा महिला भेला

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २२ भदौं**



मुक्तिनाथ विकास बैंक स्याङ्जाले पुतलीबजार शाखामा आबद्ध महिला प्रतिनिधिहरुको भेला सम्पन्न गरेको छ। लघुवित्त शाखा मार्फत कर्जा लिएर स्वरोजगारमा आबद्ध महिला प्रतिनिधिहरुको एक दिने भेला जिल्ला सदरमुकाममा सम्पन्न गरेको हो।

महिला भेलालाई सम्बोधन गदै मुक्तिनाथ विकास बैंकका अध्यक्ष भरतराज ढकालले महिला विनाको समाज परिकल्पना गर्न नसकिए जस्तै महिलाको आर्थिक सबलता विनाको समाज परिकल्पना गर्न नसकिने बताए। महिलाको आर्थिक सबलता अहिलेको प्रमुख आवश्यकता भएको ढकालको भनाई थियो। महिलाका नाउँमा उद्योग दर्ता गर्ने र ऋण लिने क्रम बढेपनि अपेक्षाकृत रुपमा महिलाको आर्थिक विकास नभएकोमा चिन्ता व्यक्त गर्दै अध्यक्ष ढकालले आर्थिक रुपमा महिलाको विकास भए मात्रै परिवार खुसि र सुखि हुने बताए। महिलाको आर्थिक सम्बृद्धि विना परिवार र समाजको सम्बृद्धि नहुने अध्यक्ष ढकालको जोड थियो।

नेपालको आर्थिक विकासमा दिगोपन ल्याउन बैंककै अगुवाईमा कृषि क्षेत्रमा काम गरेको बताउँदै अध्यक्ष ढकालले कृषिको गुणस्तरीय उत्पादन र निर्यातमुखी उत्पादनलाई जोड दिन आग्रह गरे। कृषि उत्पादनमा आधुनिकीरण नहुँदासम्म निर्यातजन्य र गुणस्तरीय उत्पादन हुन नसक्ने अध्यक्ष ढकालको जिकिर थियो।

बैंकका संचालक तथा उद्योग वाणिज्य संघ स्याङ्जाका अध्यक्ष रविन्द्रमान श्रेष्ठले पुरुषको तुलनामा महिलाहरुमा बचत गर्ने बानी राम्रो भएको कुरामा जोड दिदै आम्दानी गर्ने समयमा बचत गर्ने बानी बसाले बृद्धबृद्धा हुँदा बचत काम लाग्ने कुरा सुनाए। कमाएर भन्दापनि बचत गर्ने बानीको विकास गर्न सके आर्थिक विकासमा टेवा पुऱ्याउने उनको भनाई थियो। भेलामा मुक्तिनाथ विकास बैंकका क्षेत्रिय तथा उपक्षेत्रिय कार्यालय समन्वय प्रमुख बाबुराम ढकाल, आँधीखोला गाउँपालिका वडा नं. ६ का वडाध्यक्ष नबिन ढकालले लघुवित्त मार्फत लिएका कर्जाको सहि सदुपयोग भएमा आयआर्जनमा कुनै समस्या नहुने बताए। ऋण लिएर जथाभावि खर्च गर्ने परम्पराको अन्त्य नभएसम्म आर्थिक समस्या नहट्ने उनीहरुको भनाई थियो। महिला भेलामा बैंकका उपक्षेत्रिय कार्यालय स्याङ्जाका प्रमुख नविन काफ्ले, अनुगमन प्रमुख बालकृष्ण रेग्मीले वित्तीय साक्षरता कार्यक्रम पैसा कमाउने उपाय भन्दापनि बचत गर्ने बानीको विकास गराउने माध्याम भएको बताए। बैंकद्धारा आयोजित महिला भेलाको अध्यक्षता समूह प्रतिनिधि माया शाहीले गरेकी थिईन्। भेलामा स्वागत बैंकका पुतलीबजार शाखा प्रमुख दिनेश गुरुङ गरेका थिए भने संचालन अमृत गोदार गरेको कार्यक्रममा अरुण कार्कीले शाखाको प्रतिबेदन प्रस्तुत गरेका थिए।

# असोज १ देखि दसैँका लागि अग्रिम टिकट बुकिङ खुला हुने

**रासस**
**काठमाडौं, २२ भदौं**

सरकारले आगामी असोज १ गतेदेखि दसैँका लागि अग्रिम टिकट बुकिङ खुला गर्ने निर्णय गरेको छ। यातायात व्यवस्था विभागका महानिर्देशक टोकराज पाण्डेको अध्यक्षतामा आज बसेको बैठकले आगामी असोज १ गते शनिबारदेखि चाडपर्वलाई लक्षित गरी अग्रिम टिकट बुकिङ खुला गर्ने निर्णय गरेको हो।

बैठकले यातायात व्यवसायीले अग्रिम टिकट बुकिङ गर्दा यथाशक्य अनलाइन बुकिङ गर्ने व्यवस्था मिलाउने, अनलाइन टिकट बुकिङ गर्ने यात्रुलाई यातायात व्यवसायीले यथाशक्य छुट वा सहुलियतसमेत प्रदान गर्ने निर्णय गरेको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँरले जानकारी दिनुभयो। यस्तै बैठकले अग्रिम टिकट बुकिङ तथा उपत्यकाबाट बाहिरिने र उपत्यका भित्रिने यात्रुवाहक सवारीसाधनको यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी, उपभोक्ता मञ्च, व्यवसायी र मजदुरसँगको सहकार्य गरी प्रभावकारी अनुगमन गर्ने, कोभिडको महामारीलाई मध्यनजर गर्दै स्वास्थ्य मापदण्ड अपनाउने निर्णय गरेको छ।

अनधिकृत काउन्टर र परिचयपत्र नभएका व्यक्तिबाट टिकट बिक्री गर्ने कार्यलाई पूर्णतया निरुत्साहित गर्ने, मुख्य सडकलाई मर्मतसम्भार गरी यातायात सञ्चालनलाई सहज बनाउन सम्बन्धित निकायसँग अनुरोध गरी पठाउने र आवश्यक सवारीसाधनको व्यवस्था यातायात व्यवसायीले गर्ने निर्णय भएको महासङ्घका महासचिव डेकनाथ गौतमले जानकारी दिनुभयो।यातायात आवागमनमा सहज बनाउन खाद्यान्नलगायत अत्यावश्यक वस्तुको ढुवानी गर्नेबाहेकका ट्रेलरलगायतका ठूला सवार ।साधन असोज १५ देखि २२ गतेसम्म नारायणघाटदेखि काठमाडौँसम्म सञ्चालन गर्न रोक लगाउने निर्णयसमेत भएको छ। यसैगरी यात्रुवाहक सवारी साधनलाई घटस्थापनादेखि पूर्णिमासम्म नेपालभर लागू हुनेगरी रुट परमिट खुला गर्ने निर्णय भएको महासचिव गौतमले बताउनुभयो। बैठकमा महानिर्देशक पाण्डेसहित काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख, प्रहरी नायब महानिरीक्षक मीरा चौधरी, विभागका निर्देशक राधाकृष्ण खतिवडा र ईश्वरीदत्त पनेरु, यातायात व्यवसायी महासङ्घका अध्यक्ष स्वाँर, वरिष्ठ उपाध्यक्ष सरोज सिटौलालगायत पदाधिकारीको सहभागिता रहेको थियो।

# सुटिङका लागि प्रशिक्षण, न पूर्वाधार

**– रामबहादुर थापा**
**गण्डकी, २२ भदौं**

नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि गण्डकी प्रदेशबाट प्रतिस्पर्धा बिनै सुटिङ खेलाडी छानिए। त्यसो हुनुमा खेलाडीको के दोष ! पूर्वाधार र खेल सामग्री नै नभएपछि कसको के लाग्नु ?

प्रदेश खेलकुद परिषद्ले हचुवाको भरमा खेलाडी छनोट गर्नुपर्‍यो। ओलम्पियन एवं सुटिङ प्रशिक्षक भगवती केसीलाई खेल नखेलाई खेलाडी छनोट हुँदा ननिको लागेको छ। "प्रयास नभएको होइन, तर एउटा गन पनि ल्याउन सकिएन", उहाँले भन्नुभयो, "पछि खेलबिनै खेलाडी छान्नुपर्ने स्थिति आयो, प्रदर्शन जाँच्न पाइएन।"

उहाँका अनुसार गण्डकीमा एउटा सुटिङ रेन्जसम्म छैन। खेलाडीले प्रशिक्षण पाउनु त धेरै परको कुरा भयो। पोखरा रङ्गशालाभित्र सुटिङ रेन्ज बनाउने योजना पनि अलपत्र परेको केसीको गुनासो छ। "एसियनदेखि सागसम्म खेलेका खेलाडी हामीसँग छन्, सुटिङमा नयाँ खेलाडी उत्पादन हुने सम्भावना पनि उत्तिकै छ", प्रशिक्षक केसीले भन्नुभयो, "विडम्बना भन्नुपर्छ, राज्यबाट यो खेल उपेक्षामा परेको छ, लगानी, पूर्वाधार केही छैन।"

सुटिङका लागि सरकारी संयन्त्रबाट गण्डकीमा अहिलेसम्म प्रशिक्षक नै नियुक्त नगरिएको उहाँको भनाइ छ। बागलुङ सुटिङ सङ्घकी अध्यक्षसमेत रहनुभएकी केसीले स्वयंसेवीरुपमा अभ्यास गराउँदै आउनुभएको छ। त्यो पनि नपड्किने हतियारका भरमा। "मसँग पुरानो नपड्कने हतियार छ, त्यसले होल्डिङ गर्नसम्म खेलाडीलाई सिकाउँछु", उहाँले भन्नुभयो, "कहिले खुला चौरमा, कहिले हल भाडामा लिएर प्रशिक्षण दिने गरेकी छु।" आठौँ राष्ट्रिय खेलकुदमा राखेपबाट हतियार मगाएर छनोट खेल खेलाएको उहाँले स्मरण गर्नुभयो।

अध्यक्ष केसीले बागलुङमा पनि सुटिङ रेन्ज निर्माणका लागि पहल अगाडि बढाइए पनि त्यसले साथर्कता पाउन नसकेको बताउनुभयो। "नवौँ राष्ट्रिय खेलुकदअन्तर्गत सुटिङप्रतियोगिता बागलुङमा ल्याउन पनि प्रयास गरिएको हो, तर अहिले सम्भव भएन", उहाँले भन्नुभयो, "गण्डकी प्रदेशमै प्रतियोगिता चलाउन पूर्वाधार नभएपछि काठमाडौँमै खेलाउने तयारी भइरहेको छ।"

सुटिङ रेन्ज बनाउन २२ मिटर लम्बाइ र चौडाइँ भएको जग्गा चाहिन्छ। सुटिङ खेलका लागि पेस्तोल, राइफल, गोली, टार्गेट, टार्गेट बक्स (पुल्ली), पन्जालगायतका सामग्री खाँचो पर्छ। राइफलका लागि छुट्टै जुत्ता, पाइन्ट, ज्याकेट र बेल्ट चाहिन्छ।

इन्डोर खेलिने सुटिङमा सानो सिसाको गोली प्रयोग हुन्छ। गोली चीन र जर्मनबाट ल्याउने गरिएको छ। प्रदेश खेलकुद परिषद्का सदस्य सचिव तेजबहादुर गुरुङले सुटिङका लागि खेल पूर्वाधार र सामग्रीको अभाव रहेको स्वीकार्नुभयो। "इन्डोर खेल भएकाले सुटिङका लागि ठूलो हल चाहिन्छ, हतियार, गोलीदेखि अरु महँगा सामग्री यसमा प्रयोग हुन्छन्", उहाँले भन्नुभयो, "यसमा प्रदेशको स्रोतसाधनले मात्र भ्याउँदैन, केन्द्रबाटै सम्बोधन हुनुपर्छ।" सदस्य सचिव गुरुङले प्रदेशबाट छानिएका सुटिङ खेलाडीलाई काठमाडौँमा लगेर बन्द प्रशिक्षणमा राख्नुको विकल्प नरहेको उल्लेख गर्नुभयो। "सुटिङ मात्र होइन अरु थुप्रै खेलका प्रशिक्षक प्रदेश तहमा छैनन्, स्वयंसेवी प्रशिक्षककबाट काम चलाउनुपरिरहेको छ", उहाँले भन्नुभयो, "गण्डकीमा पनि बागलुङमा मात्र सुटिङको केही अभ्यास भइरहेको छ, अन्यत्र जिल्लामा खासै छैन।"

सुटिङको पूर्वाधार निर्माणमा विगतमा बजेट छुट्टिए पनि काम हुन नसकेको भन्दै अब स्रोतसाधन र सामग्री जुटाउन आफूहरू लागि पर्ने सदस्य सचिव गुरुङले बताउनुभयो। पूर्वाधार र खेल सामग्री नै नभएका कारण सुटिङको छनोट खेल राख्न नसकिएको उहाँको भनाइ छ। आउँदो शरद ऋतुमा पोखरामा हुने राष्ट्रिय खेलकुदका लागि बागलुङका नौ र कास्कीका तीन सुटिङ खेलाडी छानिएका छन्। दश मिटरको एयर पेस्तोलमा तीन महिला, तीन पुरुष र एयर राइफलमा पनि तीन पुरुष र तीन महिला छनोट गरिएको हो।

जसमध्ये एयर राइफलमा पुरुषतर्फ बागलुङका सनम पुन, सन्दिप गाहा र कास्कीका ऋषिकेश शर्मा रहनुभएको छ। महिलामा बागलुङका करिष्मा बस्नेत, स्वस्तिमा शर्मा र नीतिका गिरी छनोट हुनुभएको हो।

एयर पेस्तोलमा बागलङबाट केवी पुन, कास्कीका विजय कार्की र विनोद पुन रहनुभएको छ। यस्तै एयर पेस्तोलमा महिलातर्फ बागलुङका सिरिया केसी, रेनु रिजाल र निष्ठा पौडेल छनोटमा पर्नुभएको छ। केसी यसअघिको राष्ट्रिय खेलकुदमा स्वर्ण पदक विजेतासमेत हुनुहुन्छ। केसी र पौडेलले साग खेलकुदमा पनि भाग लिइसक्नुभएको छ। एयर पेस्तोलतर्फ छनोट हुनुभएका केवी पुनसँग पनि एसियन खेलकुदको अनुभव छ। "उचित प्रशिक्षण र वातावरण पाएमा हाम्रा खेलाडीले पनि सुटिङमा अन्तर्राष्ट्रिय पदक जित्न सक्छन्, खेल पूर्वाधार बनाउनेतिर सरकारले ध्यान देओस्", प्रशिक्षक केसीले भन्नुभयो।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाब | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारीरिक झमेला | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

## पसल बिक्रीमा

**पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसुल विशेष कारणवस तु: विक्रीमा छ।**

**सम्पर्क:**
**९८२७१९९५८६**
**९८१९१७११७८**

## डिस्चार्ज सर्टिफिकेट हरायो

यही मिति २०७९/०४/२० गते शितलादेवीबाट रामबजार जाँदै गर्दा मेरो निम्न व्यहोरा भएको इन्डियन आर्मी डिस्चार्ज सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालयमा वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।
नाम: जित बहादुर गुरुङ
ठेगाना: पार्चे-६, कास्की
आर्मी नं.: ५४४०१०१ 6/5GR
TS No: 172
सम्पर्क नं. ०६१-५३०७८४

